# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ५ मितिः २०८१।०५।२६


**भाग - २**

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि,२०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो " **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि,२०८१**" बनाई लागू गरेको छ।

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि,२०८१

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०४।०४*

**प्रस्तावना :**

**मानव बेचबिखन तथा ओसारपसार कार्य(नियन्त्रण) ऐन, २०६४** जुन विशेष ऐनको रुपमा रहेको छ।यसै ऐन र नियमावली तथा निर्देशिका अनुसार विगतमा केन्द्रीय समिती,जिल्ला समिति र स्थानीय समितिहरु गठन तथा परिचालन गरी रोकथाम, संरक्षण, निरोध लगायतका कार्य गर्दै आएको छ।यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथ मानव बेचविखन तथा ओसारपासरलाई नियन्त्रण गर्ने विविध कार्यहरु गरिरहेको छ।विगतमा स्थानीय तहका समितिहरु स्थानीय सरकारी निकायबाट बजेट निकासा गरी निरोध सम्बन्धी काम गर्न सफल भएका थिए।

**नेपालको संविधान,२०७२** अनुसार नेपाल संघीय प्रणाली अनुरुप ७ प्रदेश मार्फत स्थानीय स्तरलाई धेरै भन्दा धेरै जिम्मेवारीहरु प्रदान गर्दै अगाडि बढेको हामी सबैलाई सर्वविदितै छ। नेपालको संविधान,२०७२ को भाग ३ को धारा २९ मा उल्लिखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचविखन गर्न दास वा बाँधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विपरीत काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ।

नेपाल राज्यको पुरानो संरचनामा बनेका समिति तथा उपसमितिहरु हालको अवस्थामा अस्तित्वमा नरहेको र संघीय राज्यको व्यवस्था मुताबिक **स्थानीय सरकार संचालन ऐन,२०७४** अन्तर्गत स्थानीय तह संचालन हुँदै आइरहेका छन्।उक्त ऐनको धारा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्न सक्ने व्यवस्था छ।यस शिवराज नगरपालिकाद्धारा मानव बेचविखन तथा ओसारपसार विरुद्धको नगरस्तरीय र वडास्तरीय समितिहरुको गठन प्रक्रियाको बारेमा स्पष्ट पार्नका लागि यो कार्यविधि तयार गरिएको छ।

# परिच्छेद-१
# प्रारम्भिक

**१.<u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

(१) यस कार्यविधिको नाम **"मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि,२०८१"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२.<u>परिभाषा</u> :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"नगरपालिका"** भन्नाले शिवराज नगरपालिकालाई बुझिनेछ।

(ख) **"कार्यपालिका"** भन्नाले शिवराज नगरपालिकाको कार्यपालिकालाई बुझिनेछ।

(ग) **"समिति"** भन्नाले नगर स्तरीय मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समितिलाई बुझिनेछ।

# परिच्छेद-२
# समिति तथा समितिको काम कर्तव्य अधिकार

**३. <u>नगर स्तरीय मानव बेखविखन तथा ओसार पसार नियन्त्रण समिति</u>** : (१) शिवराज नगरपालिकामा मानव बेचविखन विरुद्ध कार्य गर्नका लागि देहायबमोजिमको नगरस्तरीय समिति रहनेछ :-

| | |
|---|---|
| नगर प्रमुख वा निजले तोकेको व्यक्ति | - संयोजक |
| न्यायिक समितिको संयोजक | - सदस्य |
| सामाजिक विकास समिति संयोजक | - सदस्य |
| प्रमुख, स्थानीय प्रहरी कार्यालय | - सदस्य |
| समितिले तोकेको विद्यालयको प्रधानाध्यापक | - सदस्य |
| समितिले तोकेको बालक्लबको सदस्य | - सदस्य |
| प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र | - सदस्य |
| संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र | - सदस्य |

प्रमुख, शिक्षा विकास शाखा - सदस्य

नेपाल उद्योग बाणिज्य महासंघ तथा व्यापार संघ(पालिका स्तरीय) - सदस्य

स्थानीय तहमा क्रियाशिल संघ/संस्थाका प्रतिनिधि २ जना - सदस्य

मानव बेचविखन तथा ओसारपसार पिडित ब्यक्तिहरु मध्येबाट सम्वन्धित स्थानीय तहले मनोनीत गरेका एक जना सदस्य(उपलब्ध भएसम्म) - सदस्य

शाखा प्रमुख, महिला बालबालिका/सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

४. **नगर स्तरीय मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समितिको काम, कर्तब्य र अधिकार** : (१) नगरपालिका स्तरीय मानव बेचविखन तथा ओसार पसार विरुद्धको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) मानव बेचविखन तथा ओसारपसारसँग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(ग) पीडित सहायताका लागि आवश्यक अन्तर निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने,

(घ) स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचविखन विरुद्धका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ङ) मानव बेचविखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने,

(च) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माझ मानव बेचविखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने,

(छ) स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गै.स.स. तथा नीजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने,

(ज) प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचविखन विरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सवलीकरण गर्ने,

(ञ) पालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रीत कार्यक्रमहरुलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी सञ्चालन गर्ने।

(२) नगर स्तरीय मानव बेचविखन तथा ओसारपसार विरुद्धको समितिको बैठक बार्षिक न्यूनतम ३(तिन) पटक वा आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ।

**५. <u>वडा स्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति</u>** : (१) नगरपालिकाका प्रत्येक वडामा देहायअनुसारको वडास्तरीय मनव बेचविखन तथा ओसार पसार नियन्त्रण समिति रहनेछः-

| | |
|---|---|
| वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति | -संयोजक |
| वडा महिला प्रतिनिधि, वडास्तरीय | -सदस्य |
| सिमान्तकृत तथा दलित समुदायबाट महिला | -सदस्य |
| समितिले तोकेको महिला समूह/किशोरी समूह को सदस्य | -सदस्य |
| समितिले तोकेको बालक्लब को सदस्य | -सदस्य |
| वडाध्यक्षले तोकेको विद्यालयको प्रधानाध्यापक | -सदस्य |
| प्रमुख, सम्बन्धित वडाको स्वास्थ्य चौकी ईन्चार्ज | -सदस्य |
| स्थानीय प्रहरी कार्यालय(सम्भव भए सम्म ) | -सदस्य |
| स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना सदस्य मानव | -सदस्य |
| बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरुमध्येबाट सम्बन्धित स्थानीय तहले मनोनीत गरेका १(एक) जना सदस्य (उपलब्ध भएसम्म) | -सदस्य |
| वडा सचिव | -सदस्य सचिव |

**६. <u>नगर स्तरीय मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समितिको काम, कर्तब्य र अधिकार</u>**:(१) वडास्तरीय मनव बेचविखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडामा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) वडामा वडा सदस्य तथा सरोकारवालाहरु माझ मानव बेचविखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने,

(घ) आफ्नो कार्यक्षेत्र भित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने।

(२) वडास्तरीय मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समितिको बैठक बार्षिक न्यूनतम १(एक) पटक वा आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ।

# परिच्छेद-३

# संसोधन तथा खारेजी

१०. यस कार्यविधिलाई आवश्यकता अनुसार कार्यपालिकाको बैठकले संसोधन तथा खारेजी गर्न सक्नेछ।

११. यस कार्यविधिको कार्यान्वयनमा केही बाधा अड्काउ परेमा त्यसको समाधान गर्ने दायित्व कार्यपालिका बैठकको हुनेछ।

*प्रमाणीकरण मिति :- २०८१/०४/०७*

**आज्ञाले,**

**बाबुराम पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**